सूचनाको हक सम्बन्धी ऐन, २०६४ दफा ५ को उपदफा ३ बमोजिमको विवरण

**मेरोमाइक्रोफाइनान्स** लघुवित्त वित्तीय संस्था लि.

MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

## (विवरण सार्वजनिक गरेको अवधि आ. व. २०८२/८३ को दोस्रो त्रयमाससम्म)

१. **निकायको स्वरूप र प्रकृतिः** कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम सञ्चालित लघुवित्त वित्तीय संस्था ।

२. **निकायको काम, कर्तव्य र अधिकारः** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भएबमोजिमका काम कर्तव्य र अधिकार रहेको छ ।

३. **निकायमा रहने कर्मचारी संख्या र विवरणः** कार्यरत कर्मचारी संख्या ६४३ रहेको छ । संस्थाले तोकेका कार्यहरुको सम्पादन विभिन्न पदमा कार्यरत कर्मचारीहरू मार्फत भईरहेको छ । व्यवस्थापन समूहका सदस्यहरूको नाम संस्थाको वेवसाईटः *www.meromicrofinance.com* मा हेर्न सकिने छ ।

४. **निकायबाट प्रदान गरिने सेवाः** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्थाले दिनसक्ने सम्पूर्ण वित्तीय सेवाहरू ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः** सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरूको विवरण संस्थाको वेवसाईटको Contact अन्तर्गत Branches खण्डमा प्रकाशित गरिएको छ ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः** वित्तीय संस्थाले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस संस्थाको वेवसाईटको Product and Services अर्न्तगत Product Chart खण्डमा प्रकाशित गरिएको छ ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारीः** वित्तीय कारोबारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरूले तहगत निर्णय गर्न सक्ने प्रक्रिया मिलाईएको छ । प्रमुख कार्यकारी अधिकृत तथा वित्तीय संस्थाको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रूपमा रहेका छन् ।

८. **निर्णयउपर उजुरी सुन्ने अधिकारीः** सदस्यहरूको गुनासो तथा उजुरी गर्नका लागि हाल केन्द्रीय स्तरमा प्रमुख कार्यकारी अधिकृतलाई गुनासो सुन्ने अधिकारीको रूपमा रहने व्यवस्था गरिएको छ । निजको ठेगाना यस प्रकार रहेको छ ।

**श्री रामहरि दाहाल**
**प्रमुख कार्यकारी अधिकृत**
**मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., केन्द्रीय कार्यालय, बिदुर ४, बट्टार, नुवाकोट ।**
**फोन नं. ०१०-५६१७४६/४७**
**ईमेलः** corporate@meromicrofinance.com

९. **सम्पादन गरेको कामको विवरणः** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'घ' वर्गका संस्थाले गर्न सक्ने सम्पूर्ण वित्तीय कारोबारहरू सम्पादन भईरहेका छन् ।

१०. **सूचना अधिकारीको नाम र पदः** सदस्यहरूलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमको अधिकारीलाई तोकिएको छ ।

**श्री नबराज दाहाल**
**नायव प्रमुख कार्यकारी अधिकृत**
**मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., केन्द्रीय कार्यालय, बिदुर ४, बट्टार, नुवाकोट ।**
**फोन नं. ०१०-५६१७४६/४७**
**ईमेलः** corporate@meromicrofinance.com

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः** प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरू संस्थाले पालना गर्नुपर्ने हुन्छ भने देहायबमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरू वित्तीय कार्यका लागि प्रमुख रूपमा रहेका छन् ।

**१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३**
**२. नेपाल राष्ट्र बैंक ऐन, २०५८**
**३. कम्पनी ऐन, २०६३**
**४. बैंकिङ कसुर तथा सजायँ ऐन, २०६४**
**५. सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४**
**६. धितोपत्र सम्बन्धी ऐन, २०६३**
**७. सुरक्षित कारोबार ऐन, २०६३**
**८. करार ऐन, २०५६**
**९. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८**
**१०. सूचनाको हक सम्बन्धी ऐन, २०६४**
**११. विद्युतीय इलेक्ट्रोनिक कारोबार ऐन, २०६३**
**१२. उपरोक्त ऐनहरू बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरू**
**१३. नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिका र परिपत्रहरू**
**१४. संस्थाले कारोबार सञ्चालनका लागि बनाएको सम्पूर्ण नियम, विनियम तथा निर्देशिकाहरू**

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणः** संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरू राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित हुँदै आएको छ भने संस्थाको वेवसाईटः *www.meromicrofinance.com* मा समेत रहेको छ ।

१३. **वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगानाः** वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ ।

**श्री रामहरि दाहाल**
**प्रमुख कार्यकारी अधिकृत**
**मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., केन्द्रीय कार्यालय, बिदुर ४, बट्टार, नुवाकोट ।**
**फोन नं. ०१०-५६१७४६/४७**
**ईमेलः** corporate@meromicrofinance.com

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरणः** यस संस्थाले वित्तीय कारोबार सम्बन्धी कार्य गर्दै आईरहेको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

१५. **सार्वजनिक निकायको वेबसाईट भए सो को विवरणः यस वित्तीय संस्थाको वेवसाईटः** *www.meromcrofinance.com* **रहेको छ ।**

१६. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः** हालसम्म संस्थाले कुनै वैदेशिक सहायता, ऋण, अनुदान, एवं प्राविधिक सहयोग र सम्झौता गरेको छैन ।

१७. **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः** संस्थाले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ भने संस्थाको वेवसाईटः *www.meromcrofinance.com* मा समेत रहेको छ ।

१८. **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः** हाललाई सूचना वर्गीकरण नगरिएको ।

१९. **सार्वजनिक निकायमा परेका सूचनामा माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः** हालसम्म संस्थामा कुनै निवेदन प्राप्त नभएको ।

२०. **सार्वजनिक निकायमा सूचनाहरू अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरणः** वार्षिक विवरणहरू पुस्तकको रूपमा प्रकाशित भई संस्थाको वेवसाईटमा समेत प्रकाशन गरिएको छ । साथै संस्थाको आर्थिक विवरण त्रैमासिक रूपमा विभिन्न राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गरी संस्थाको वेवसाईटः *www.meromicrofinance.com* मा समेत अद्यावधिक गर्दै आएको छ ।

**मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.**
**केन्द्रीय कार्यालय, बिदुर ४, बट्टार, नुवाकोट ।**
**फोन नं. ०१०-५६१७४६/४७**